विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा जिल्ला
बागमती प्रदेश, नेपाल

**प्रस्तावहरु :**

१. आ.व. २०७९/०८० को बार्षिक नीति, तथा कार्यक्रमको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।
२. आर्थिक विधेयक, २०७९ स्वीकृत गर्ने सम्बन्धमा ।
३. विनियोजन विधेयक, २०७९ स्वीकृत गर्ने सम्बन्धमा ।
४. विगु गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७४, संशोधनका सम्बन्धमा ।
५. तामाकोशी पाचौ जलविद्युत आयोजनामा पालिकाको संस्थापक शेयर लगानी गर्ने सम्बन्धमा ।
६. स्वास्थ्य ईकाइ विस्तार गर्ने सम्बन्धमा ।
७. सवारी साधनहरुको सम्बन्धमा ।
८. गाउँपालिकाको कार्यालयको स्वास्थ्य संयोजक/शाखा प्रमुख तोक्ने सम्बन्धमा ।
९. करार सेवामा कार्यरत कर्मचारीहरुका सम्बन्धमा ।
१०. विविध सम्बन्धमा ।
क) गौरीशंकर आ.विको भवन सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा आ.व. २०७९।०८० को बार्षिक नीति तथा कार्यक्रमका स्वीकृत गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा आर्थिक विधेयक, २०७९ स्वीकृत गरियो ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा विनियोजन विधेयक, २०७९ स्वीकृत गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा विगु गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७४ लाई आवश्यकता अनुसार शैक्षिक विज्ञबाट राय परामर्श लिई संशोधन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा जिल्ला जिल्ला समन्वय समितिको कार्यालय दोलखाको च.नं. २४८, मिति २०७९।०३।०९ को पत्रानुसार तामाकोशी पाचौ जलविद्युत आयोजनामा संस्थापक शेयर ५ प्रतिशत लगानी गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा विगु गाउँपालिका भित्र आवश्यक निरीक्षण तथा अनुगमन गरि स्वास्थ्य इकाई विस्तार गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा विगु गाउँपालिकाको कार्यालयमा भएका दुई पांग्रे सवारी तथा चार पांग्रे सवारी र हेभि इक्यूपमेन्टहरुको विवरण प्रस्तुत गरियो ।

८. विगु गाउँपालिकाको स्वास्थ्य संयोजक/शाखा प्रमुखको जिम्मेवारी हाल आलम्पु स्वास्थ्य चौकी, विगु ६ मा कार्यरत श्री रत्न थामीलाई दिने निर्णय गरियो ।

९. विगु गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनको आधारमा करार सेवा थप गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० (क) उपर छलफल गर्दा विगु गाउँपालिका अन्तर्गत विगु १ लामावगर गौरीशंकर आ.वि.को स्वामित्वमा रहेको जमिनमा माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको सिभिल निर्माण तर्फको ठेकेदार कम्पनी सिनो हाईड्रो लि. ले कार्यालय तथा निवासको रुपमा प्रयोग गरिरहेको भौतिक संरचना हाल काम सकेर ठेकेदार कम्पनी सो जमिनको संरचना छोडेर जादा उक्त जग्गामा निर्माण भएको संरचना भत्काउन लागिएको, विद्यालयको स्वामित्वमा रहेको उक्त जमिनमा रहेको संरचना नभत्काउदा विद्यालय, गाउँपालिका तथा गाउँपालिकाद्वारा सञ्चालित कलेजलाई समेत प्रयोग हुने हुदाँ सो संरचना गाउँपालिकालाई हस्तान्तरणका सम्बन्धित निकायलाई पत्राचार गर्ने निर्णय गरियो ।

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा जिल्ला
बागमती प्रदेश, नेपाल
२०७३